गोरखापत्र ०७०।९।२२

नेपाल सरकार

# अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभागको

# अत्यन्त जरूरी सूचना

आ.व. २०७०/७१ को आर्थिक अध्यादेशले दिएका निम्नानुसारका छुट सुविधाहरू उपयोग गर्ने अवधि यही २०७० पौष मसान्तसम्म मात्र रहेकोले सरोकारवालाहरू सबैले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा ठूला करदाता कार्यालयमा समयमै सम्पर्क राखी स्थायी लेखा नम्बर दर्ता, विवरण दाखिला र कर दाखिला गरी छुट सुविधाहरू उपयोग गर्नुहुन अनुरोध छ ।

**छुट सुविधाहरू:**

(१) आय विवरण र आयकर बुझाएमा थप दस्तुर, शुल्क, ब्याज तथा जरिवाना मिन्हा:
वार्षिक रू. २० लाखसम्म कारोबार भएका वा रू. २ लाखसम्म वार्षिक आय भएका कुनै पनि व्यक्तिले आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ को आय विवरण र सोमा लाग्ने आयकर **२०७० साल पौष मसान्तभित्र** बुझाएमा सोभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नुपर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।

(२) मूल्य अभिवृद्धि कर विवरण तथा कर नबुझाएकोमा लाग्ने थप दस्तुर, ब्याज, जरिवाना मिन्हा:
आर्थिक वर्ष २०६८/६९ वा सो भन्दा अगाडीका कर अवधिका कर विवरण र सो अनुसार दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर दाखिला नगरेको अवस्था रहेछ भने त्यस्तो करदाताले २०७० साल पौष मसान्तसम्म मूल्य अभिवृद्धि कर विवरण तथा सोमा लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गरेमा लाग्ने थप दस्तुर, ब्याज, जरिवाना मिन्हा हुनेछ ।

(३) करको दायरामा आउनेलाई कर, शुल्क तथा ब्याज मिन्हा:
चिकित्सक, कलाकार, इन्जिनियर, कानुन व्यवसायी, लेखापरीक्षक, व्यापारी, उद्योगी, लगानीकर्ता, परामर्श सेवा प्रदायक, कमिशन एजेन्ट, सेवानिवृत्त वा बहालवाला वा सार्वजनिक पद धारण गरेका पदाधिकारी, कर्मचारी, शिक्षक, प्राध्यापक लगायत जुनसुकै व्यक्ति वा निकायले आर्थिक वर्ष २०६८/६९ भन्दा अगाडीका वर्षमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर दाखिला नगरेको भएमा आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ को आय विवरण र सोमा लाग्ने कर **२०७० साल पौष मसान्तभित्र** दाखिला गरी स्थायी लेखा नम्बर लिएमा सोभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नुपर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।

(४) पत्रकार एवं सञ्चार तथा प्रकाशन गृहलाई शुल्क तथा ब्याज मिन्हा:
पत्रकार, पत्रपत्रिका एवम् सञ्चार तथा प्रकाशन गृहले आर्थिक वर्ष २०६८/६९ को आय विवरण र सो बमोजिम तिर्नुपर्ने कर **२०७० साल पौष मसान्तभित्र** दाखिला गरी स्थायी लेखा नम्बर लिएमा सोभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नुपर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।

(५) सहकारी संघ/संस्थाहरूलाई आयकर, शुल्क, ब्याज मिन्हा:
सहकारी संस्था तथा संघहरूले मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराई आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ को आय विवरण र सोमा लाग्ने आयकर, श्रोतमा करकट्टी गरी बुझाउनु पर्ने ब्याज कर, बहालकर तथा अग्रीम आयकर **२०७० साल पौष मसान्तभित्र** दाखिला गरेमा सोभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नुपर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।

(६) शिक्षा सेवा शुल्क सम्बन्धी विशेष व्यवस्था:
आर्थिक वर्ष २०६५/६६ को बुझाउन बाँकी शिक्षा सेवा शुल्क र आर्थिक वर्ष २०६६/६७, २०६७/६८ र २०६८/६९ को विवरण सहित शिक्षा सेवा शुल्क **२०७० साल पौष मसान्तभित्र** बुझाएमा त्यस्ता शिक्षण संस्थाले विवरण ढिला बुझाए बापतको रकम र ब्याज मिन्हा हुनेछ ।

(७) पूर्वानुमानित कर विवरणमा भएको Mismatch हटाउने सम्बन्धी विशेष व्यवस्था:
(क) मूल्य अभिवृद्धि करमा दर्ता नभएका र आर्थिक वर्ष २०६८/६९ सम्ममा रू. २० लाख रूपैयाँ भन्दा कम कारोबार देखाई आयकरतर्फ पूर्वानुमानित कर विवरण बुझाई सकेका करदाताहरूले आर्थिक वर्ष २०६९/७० सम्मको आफ्नो कारोबार कम घोषणा गरी वास्तविक बिक्री अङ्क फरक परेको भएमा त्यस्ता करदाताहरूले **२०७० साल पौष मसान्तसम्म** मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने कारोबार गरेको भएमा दर्ता भई कारोबारको स्वयं घोषणा गरी फरक परेको बिक्री अङ्कको मूल्य अभिवृद्धि कर बापत दुई दशमलव पाँच प्रतिशत (२.५%) र आयकर बापत एक दशमलव पाँच प्रतिशत (१.५%) रकम बुझाएमा करदाताले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुनेछ ।

(ख) ग्याँस तथा चुरोटको कारोबार गर्ने व्यवसायको हकमा फरक परेको बिक्री अङ्कको मूल्य अभिवृद्धि कर बापत एक प्रतिशत (१%) र आयकर बापत शून्य दशमलव पाँच प्रतिशत (०.५%) रकम बुझाएमा करदाताले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुनेछ ।